२०७८/०८/२८

<u>प्रस्ताव नं. १</u>
<u>गत बैठकको निर्णय पुनरावलोकन सम्बन्धमा ।</u>

<u>निर्णय नं. १</u>
आजको यस नगरकार्यपालिकाको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. १ उपर छलफल गर्दा यसअघि मिति २०७८/०८/१५ मा बसेको कार्यपालिका बैठकका निर्णयहरुको पुनरावलोकन तथा सो उपर छलफल गरियो ।

<u>प्रस्ताव नं.२</u>
**<u>डिप बोरिङ्ग सम्बन्धी दररेट कायम गर्ने सम्बन्धमा ।</u>**

<u>निर्णय नं. २</u>
आजको यस नगरकार्यपालिकाको कार्यसूचिमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. २ उपर छलफल गर्दा ६ इन्च डिप बोरिङ्गको प्रति मीटर ७,५००। (मू. अ. क. सहित) र ४ इन्च डिप बोरिङ्गको प्रति मीटर ६,५००। (मू. अ. क. सहित) हुने गरी चालु आ. व. २०७८/०७९ को लागि दररेट निर्धारण गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं.३</u>
**<u>नयाँ कालोपत्र सडकहरुको लम्बाई चौडाइ सम्वन्धमा ।</u>**

<u>निर्णय नं. ३</u>
आजको यस नगरकार्यपालिकाको कार्यसूचिमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. ३ उपर छलफल गर्दा आ. व. २०७८/०७९ मा नगरसभाबाट स्वीकृत भई ठेक्का लागेका तपसिलका कालोपत्रे सडकहरुको लम्बाई चौडाई निम्न अनुसार निर्धारण गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं. | सडक | चौडाई | कैफियत |
|---|---|---|---|
| १ | नयाँ नगर भवन जाने बाटोको सडक | ५ मीटर | |
| २ | जिरोमाइल जेनिस होटेलदेखि कुस्मारी जाने बाटो | ५ मीटर | उत्तर गाउँदेखि शुरु हुने |
| ३ | खाल्टेबजार भण्टाबारी हुँदै बडेरबा जाने बाटो | ५ मीटर | उत्तर ढलानदेखि शुरु हुने |
| ४ | कान्तिबजारदेखि इमलीबजार हुँदै थापा टोल शिवभक्ति सम्मको सडक | ५ मीटर | |
| ५ | जिरोमाइलदेखि गणेश मन्दिर हुँदै चन्द्रमोहन कनौजियाको घरसम्म | ५.५ मीटर | |
| ६ | राजदेवी मन्दिरदेखि दक्षिण ..... | ५ मीटर | |
| ७ | बुद्धचोकदेखि पूर्व ईटाटार हुँदै भजन महराको घरदेखि कुटीसम्म | ५ मीटर | |

प्रस्ताव नं.४
नगर भवनको VO सम्वन्धमा ।

निर्णय नं. ४
आजको यस नगरकार्यपालिकाको कार्यसूचिमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. ४ उपर छलफल गर्दा गौशाला नगरपालिकाको निर्माणाधीन नगर भवनको VO (Variation Order) ५ प्रतिशत भन्दा बढी हुने भएकोले नगर भवन निर्माणका क्रममा इष्टिमेटभन्दा बढी हुन आउने रकम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम  नगर कार्यपालिकाको यसै बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५
IEE स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं. ५
आजको यस नगरकार्यपालिकाको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस नगरपालिका अन्तर्गत रहेका बाँके, सोनी, मरहा, जंगा खोलाहरुको प्राप्त भएका प्रारम्भिक वातावरणीय  परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.६
खोलाको ठेक्का सम्वन्धमा ।

निर्णय नं. ६
आजको यस नगरकार्यपालिकाको कार्यसूचिमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस नगरपालिकाभित्रका बाँके, सोनी, मरहा, जंगा खोलाहरुको ठेक्का लगाउनका लागि सूचना प्रकाशन गरी प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. ७
रोयल्टी प्रतिशत निर्धारण सम्वन्धमा ।

निर्णय नं. ७
आजको यस नगरकार्यपालिकाको कार्यसूचिमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. ७ उपर छलफल गर्दा मरहा खोलाबाट गिट्टी बालुवा बापत श्याम कुमार साहमार्फत संकलित राजस्व र जरिवाना रकम रु. ३,००,०००। गरी हुन आउने जम्मा रकमको २० प्रतिशतले हुन आउने रकम निजलाई पारिश्रमिक स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ८
नगर भवन र स्वास्थ्य सेवा केन्द्रको भवन उद्घाटन सम्बन्धमा ।

निर्णय नं. ८
आजको यस नगरकार्यपालिकाको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस नगरपालिकाको हालै निर्माण सम्पन्न गरिएको नयाँ नगर भवन तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको भवन तपसिल बमोजिम उद्घाटन कार्य सम्पन्न गर्ने निर्णय गरियो ।
तपसिल
नगरपालिकाको नगर भवन - मिति २०७८ माघ १४ गते ।
आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु (वडा नं. ०३, ०५, ०७, ०९ र १०) - मिति २०७८ माघ ५ गते ।

प्रस्ताव नं. ९
निकासी कर सम्बन्धमा ।

निर्णय नं. ९
आजको यस नगरकार्यपालिकाको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. ९ उपर छलफल गर्दा इष्टिमेटमा उल्लेख भए बमोजिमको नदीजन्य पदार्थको परिमाण खुलाई नियमानुसार राजस्व रकम/निकासी कर लिई उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.१०
आर्थिक सहयोग माग भई आएको सम्बन्धमा ।

निर्णय नं. १०
आजको यस नगरकार्यपालिकाको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. १० उपर छलफल गर्दा विभिन्न व्यक्तिहरुबाट आर्थिक सहयोग माग भई आएकोले तपसिल बमोजिमका व्यक्तिहरुलाई आवश्यकता अनुसारका मुचुल्का लगायत अन्य कागजातहरु संकलन पश्चात् आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।
तपसिल

| क्र. सं. | व्यक्ति/संस्था को नाम | ठेगाना | घटना/परिस्थिति | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ज्योती जागृती संस्था नेपाल | वडा नं. ०५ | कृष्ण कथा ज्ञान यज्ञ | १५,००० | |
| २ | हस्त बहादुर विश्वकर्मा | वडा नं.०१ | छोराको खुट्टा भाचेको | १०,००० | |
| ३ | लक्ष्मी महरा | वडा नं.०४ | वर्षाले घर पुर्ण रुपमा क्षती भएको | १०,००० | |
| ४ | जनसांस्कृतिक महासंघ नेपाल | प्रदेश सम्मेलन | प्रादेशीक सम्मेलन ( मंसिर १८ गते ) | २०,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आयोजक समिती प्रदेश नं. ०२ | | | |
| ५ | पदम बहादुर राणा | वडा नं.१० | दैनिक जीवन निर्वाह गर्न कठिनाई भएको | १०,००० | गरिब तथा विपन्नको रेखा मुनी रहेको |
| ६ | कपलेश्वर महतो | वडा नं.१० | श्रीमतीको आधा भाग पुर्ण रुपमा काम गर्न छोडेको | १०,००० | |
| ७ | त्रिलोक (नेपाल कम्युनिष्ट पाटी ,ईन्चार्ज) | महोत्तरी | खुल्ला मन्च जनसभा | १०,००० | मंसिर ८ |
| ८ | हरिचरण पासवान | वडा नं. १० | श्रीमति को शारीरिक मानसिक असन्तुलन भएको | १०,००० | आर्थिक रुपमा विपन्न |
| ९ | इन्द्र महतो (अध्यक्ष) | वडा नं.११ | अर्न्तराष्ट्रिय हनुमान आराधाना हुन गई रहेको | १०,००० | मंसिर १० र ११ गते |
| १० | अस्मिता मुखिया | वडा नं. २ | विरामीको उपचार गर्न | १०,००० | आर्थिक अवस्था कमजोर |
| ११ | पदम कान्त शाह | वडा नं. ०४ | घर पुर्ण रुपमा भत्किएको | १०,००० | अविरल वर्षाको कारण |
| १२ | हरिहर गिरी | वडा नं. ०५ | उपचारको लागि | १०,००० | हर्नियाँ रोगले पिडित |
| १३ | लक्ष्मण आले | वडा नं.०८ | आमा वुवा कैन्सर पिडित | १०,००० | आर्थिक रुपमा विपन्न |
| १४ | पचु महरा चमार | वडा नं.०४ | छोरा शारीरिक रुपमा कमजोर | १०,००० | |
| १५ | विशाल कुमार महतो | वडा नं.०३ | स्कुल भवनबाट लडेर खुटा भाचेको | १०,००० | |
| १६ | राजो देवी | वडा नं.१० | दाहिने हात भाचेको | १०,००० | आर्थिक रुपमा विपन्न |
| १७ | सत्य नारायण साह | वडा नं. ४ | सिकिस्त विरामी | १०,००० | आर्थिक स्थिति दयनीय |
| १८ | सुवन भुजेल | वडा नं. १ | फोक्सोमा घाउ भई अपरेसन गर्नुपर्ने | १०,००० | |
| १९ | रेबि महरा | वडा नं. ८ | एम्बुलेन्स खर्च | १०००० | भाइको मृत्यु |
| २० | सूर्य बहादुर | वडा नं. ८ | एम्बुलेन्स खर्च | १०००० | नातिनिको डुबेर |

| | | | | | |
|---|---|---|---|---|---|
| | लामिछाने | | | | मृत्यु |

**प्रस्ताव नं.११**

**कोभिड १९ बाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नं. ११**

आजको यस नगरकार्यपालिकाको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. ११ उपर छलफल गर्दा अर्थ मन्त्रालयबाट प्रकाशित सूचना अनुसार कोभिड १९ को महामारीबाट प्रभावित भई रोजगारी र आय आर्जनको अवसर गुमाएका अति विपन्न परिवारको पहिचान र प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट विनियोजन सम्बन्धमा तपसिल बमोजिमको एक सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

संयोजक - भोज बहादुर दर्लामी (प्रवक्ता)
सदस्य - विरेन्द्र चौधरी (वडाध्यक्ष ०३ नं.)
सदस्य - नथुनी राउत (वडाध्यक्ष ०६ नं.)
सदस्य - कलावती देवी (कार्यपालिका सदस्य)
सदस्य - शेष मो. जलील (वडाध्यक्ष १० नं.)
सदस्य - संजिव बराल (लेखा अधिकृत)
सदस्य सचिव - नवनित झा (रोजगार संयोजक)

**प्रस्ताव नं.१२**

**करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा करार म्याद थप गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १२**

आजको यस नगरकार्यपालिकाको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. १२ उपर छलफल गर्दा तपसिलका कर्मचारीहरु बाहेक अन्य सम्पूर्ण करार सेवामा कार्यरत कर्मचारीहरुको २०७८ माघ १ गतेदेखि २०७९ असार मसान्तसम्म करार सेवाको म्याद थप गर्ने निर्णय गरियो ।

**तपसिल (२०७८ माघ १ गते देखि म्याद थप नहुने कर्मचारीहरु)**

१) अनीता महतो का. स., निगौल स्वास्थ्य चौकी
२) डा. रविन्द्र सिंह कुशवाहा (मेडिकल अधिकृत), प्राथमिक स्वास्थ्य केन्द्र, गौशाला (राजिनामा प्राप्त भएको)
३) डा. हेमन्त कुमार साह (मेडिकल अधिकृत, आयुर्वेद), गौशाला प्राविधिक शिक्षालय, आयुर्वेद ।